नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्रीज्यूले पदभार ग्रहण पश्चात कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका सन्दर्भमा दिनुभएको निर्देशनलाई कार्यान्वयन गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय थप क्रियाशील रहेको छ।

गृह मन्त्रालयका अनुसार देशभरका विभिन्न सीमानाकाहरूबाट ३,०३४ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन्। त्यसैगरी देशभर ३१,००० भन्दा बढी आईसोलसन सेन्टरहरूको व्यवस्थापन भएको छ। सो मध्ये करीब १,५०० अक्सिजन सहितको आईसोलेसन सेन्टरहरू रहेका छन् । संक्रमितहरूको उपचारका लागि १०,८१२ सामान्य बेडहरू रहेका छन् भने विशेष उपचारको लागि ३६५ थप बेड भई जम्मा २,५९०, एच.डि.यू. २,२२५, ५ वटा थप बेड भई जम्मा १,६२३ आई.सि.यू. र ५ वटा थप भई जम्मा ५९८ भेन्टिलेटर रहेको अवस्था छ।

अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन सम्बद्ध क्षेत्रमा १२६ वटा स्थानमा अनुगमन भएको छ। उद्योग लगायत अन्य क्षेत्रमा प्रयोगमा रहेको १,२९२ वटा अक्सिजन सिलिण्डरहरू मेडिकल प्रयोजनको लागि फिर्ता भएको अवस्था छ। देशभर क्वारेन्टिनको नियम पालना नगर्ने ४२,८२८ जनालाई कारवाही/ सचेत गराइएको जानकारी प्राप्त भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यका भित्रका १० वटा उद्योग र उपत्यका बाहिर १९ वटा उद्योगमा ठूलो ७२,२५० र सानो ३९,११४ गरी जम्मा १,११,३६४ सिलिण्डर रहेको अवस्था छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट उपत्यकामा २ वटा खाद्य फर्म, एक वटा स्वास्थ्य सामग्री फर्म-व्यावसायहरूको अनुगमन भएको र एउटा फर्मलाई रु. ५ हजार जरिवाना समेत गरिएको जानकारी प्राप्त भएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार चीनको सिचुवान प्रान्तले नेपाल सरकारलाई सहायता स्वरुप प्रदान गरेको ३.०६ मिलियन आर.एम.बी. बराबरको कोभिड-१९ विरुद्धको स्वास्थ्य सामग्रीहरू १९ मे मा सिचुवान एयरलाइन्सको चार्टर कार्गो उडानबाट काठमाडौं आइपुग्ने जानकारी प्राप्त भएको छ। साथै अमेरिकी सरकारबाट प्राप्त हुने सहयोग जेठ २ गते सम्ममा आइपुग्ने जानकारी दिएको छ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या:-

च.नं.: -

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको लागि वैशाख ३१ गते रु. ३,७७,४३,४३२।- बराबरका २८,१३,०१६ थान विभिन्न मेडिकल उपकरणहरू र रु. ५७,५६,६९६।- बराबरका अक्सिजन तथा औषधिहरू साथै जेठ १ गते रु. १,३५,०५,३६९।- बराबरका १७,१७७ थान विभिन्न मेडिकल उपकरणहरू र रु. २,०६,७५८।- बराबरका अक्सिजन तथा औषधिहरू भन्सारबाट पैठारी भएको अवस्था छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार जम्मा ५०० यात्रुको उद्धार गरेको छ। नेपाल वायुसेवाले ओमनबाट जम्मा ५६० थान अक्सिजन सिलिण्डर लिई आएको छ। त्यसैगरी, चीनबाट प्राप्त हुने मध्ये १,६०० अक्सिजन सिलिण्डर लिन नेपाल वायुसेवा निगमको कार्गो उडान मे १५ देखि मे १८ तारिकसम्म नियमित जाने-आउने गरी तय भएको जानकारी गराएको छ।

हाल अक्सिजन सिलिन्डर लगायतका स्वास्थ्य सामग्रीहरू प्राप्त हुने क्रम बढ्दै गइरहेको स्थितिमा संक्रमितहरूलाई अक्सिजन र बेडको अभाव हुन नदिन, स्वास्थ्य उपचारलाई व्यवस्थित, सहज र सबैको पहुँच सुनिश्चित गर्न आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबैमा हार्दिक अपिल गर्दछ।

मिति २०७८ जेठ २

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np